**प्राज्ञिक विमर्श**, वर्ष ७, अङ्क, १४, २०८२ असोज, ISSN 2676–1297

# 'डाँफे र मुरली' लोकगाथाको समाजशास्त्रीय अध्ययन

❋ देवीप्रसाद दाहाल
devidahal.edcu@gmail.com

*अध्ययनसार*

'डाँफे र मुरली' नेपाली लोकजीवनमा एउटा प्रसिद्ध लोकगाथा हो । यस गाथामा डाँफे र मुरलीको वियोगान्त प्रेमकथा रहेको छ । यस गाथाले नेपाली समाजमा निकै गहिरो छाप छोड्न सफल भएको छ । नेपाली समाजको वास्तविक अवस्थालाई यस गाथाले प्रस्तुत गरेको छ । हिमालदेखि तराईसम्मको परिवेशलाई समेटी नेपाली संस्कृति र समाजका विविध पक्षहरू यसमा वर्णित छन् । समाजशास्त्रीय पद्धतिबाट हेर्न सकिने आधारहरू यस गाथामा प्रशस्त रहेका छन् । मनोरञ्जनात्मक ढङ्गबाट मानवेतर प्राणीलाई मानवीकरण गरी समाजको यथार्थपरक चित्रण गर्नु र यस गाथाको मुख्य उद्धेश्य देखिन्छ । 'डाँफे र मुरली' लोकगाथामा पनि विशेषगरी गण्डकी अञ्चल त्यसमा पनि हिमाली क्षेत्र र तराईका केही रहनसहनहरू वर्णित छन् । प्रस्तुत गाथाको मूल आशय मानवेत्तर पक्षीलाई मानवीकरण गरी मानवीय जीवनका विविध पक्षलाई देखाउनु रहेको देखिन्छ । पात्र पक्षीलाई बनाइए पनि यस गाथाले मानवीय प्रेम, त्रास र करुणालाई बोकेको छ । लोभका कारण पासोमा परी ज्यान गुमाउन पुगेको डाँफेका माध्यमबाट गाथालाई त्रासद तुल्याएको छ । अनावश्यक जिद्धिले दुर्भाग्य निम्त्याउँछ भन्ने सार यस अध्ययनको रहेको छ ।

**प्रमुख शब्दावली :** लोकगाथा, समाजशास्त्र, सामाजिक परिवेश, लोकविश्वास, सामाजिक सम्बन्ध ।

## विषयपरिचय

गीतमा भनिएको कथा गाथा हो । गीतभन्दा गाथा फरक हुने प्रमुख लक्षण आख्यानको प्रविष्टि हो । गाथामा आख्यानतत्त्व अनिवार्य मानिन्छ (बन्धु, २०५८, पृ.१९६) । 'डाँफे र मुरली' गोकगाथा खासगरी पश्चिम नेपालको गण्डकी क्षेत्रमा प्रचलित रहेको छ । यसलाई गन्धर्व जातिले सारङ्गीको धून मा गाउने गर्दछन् । यो अतिप्राकृतिक प्रकारको लोकगाथा हो तर पनि यसको कथ्य सामाजिक विषयवस्तुमा अडेको देखिन्छ । यो मानवेत्तर पात्रहरूलाई मानवीकरण गरी लोकले बनाएको गाथा हो । साथै मानवेत्तर पात्रलाई पनि सामाजिकीकरण गरी मानवीय समाज, रीतिथिति, व्यवहार, परम्परा र संस्कृतिको चित्रण यस गाथामा पाइन्छ । तसर्थ सामाजिक सत्यको उद्घाटन यस गाथामा भएको देखिन्छ ।

समाजशास्त्र भन्नाले समाजको संरचना, विकास, सामाजिक गतिविधि, परम्परा, संस्कृति आदिको अध्ययन गर्ने शास्त्र हो । समाजशास्त्रले मूलतः मानव समाजको आन्तरिक र बाह्य पर्यावरणसँग सम्बद्ध तथ्यहरूको अध्ययन गर्दछ । सन् १८३९ मा फ्रान्सेली विद्वान् अगस्त कोम्तेले समाजको साङ्गठनिक स्वरूपलाई ख्याल गर्दै यसको अध्ययन गर्ने शास्त्र प्रस्तुत गरे । मानिस र अन्य प्राणीहरूसँग सम्बन्धित जे जति विधा र शास्त्रहरूको निर्माण भएका छन् ती सबैको धरातल सामाजिक सन्दर्भ नै हो । मानव समाज सबैभन्दा श्रेष्ठ समाज मानिन्छ । कला, साहित्य, राजनीति, संस्कृति, वाणिज्य, विज्ञान आदि सम्पूर्ण विषयहरू मानव समाजकै अङ्ग मानिन्छन् । तसर्थ समाजशास्त्र अन्तर्विषयक अध्ययनका लागि पनि उपयोगी मानिन्छ । साहित्यका सन्दर्भमा हेर्ने हो भने समाजकै पृष्ठभूमिमा साहित्य लेखिन्छ । अझ लोकसाहित्यले त झन् लोकजीवनका विविध सामाजिक पक्षहरूलाई उद्घाटित गरेको हुन्छ । साहित्यको समाजशास्त्रको मूल आधार कोम्तेकै समाजशास्त्रीय चिन्तन हो । समाजशास्त्रका मूल प्रवर्तक कोम्ते भए पनि साहित्यको समाजशास्त्रलाई सैद्धान्तिक आधार दिने काम इपाइत अडोल्फ तेन (१८२८-१८९३) ले गरेका हुन् । साहित्यमा प्रजाति, काल र पर्यावरणका साथै कार्य-कारण सम्बन्ध, तथ्य, चेतना आदिको विश्लेषण गरिनुपर्छ भन्ने यिनको मान्यता छ । लोकसाहित्यको सन्दर्भमा हेर्ने हो भने लोकसाहित्यका विधाहरूको समाजशास्त्रीय अध्ययन गर्ने छुट्टै शास्त्र बनेको देखिँदैन । यद्यपि साहित्यको समाजशास्त्रीय अध्ययन पद्धतिका आधारमा लोकसाहित्यको पनि समाजशास्त्रीय अध्ययन गर्न सकिन्छ । यसै आधारमा डाँफे र मुरली लोकगाथामा प्रयुक्त समाज र सामाजिक पक्षहरूलाई यस अध्ययनमा विश्लेषण गरिएको छ । 'डाँफे र मुरली' लोकगाथामा मानिसकै समाजको वर्णन पाइन्छ । त्यसैले यो गाथा मानवीय यथार्थभन्दा टाढा गएको देखिँदैन । लोककै जीवन, मूल्यमान्यता, विश्वास र रीतिथितिको प्रस्तुति पाइएको हुनाले उक्त गाथालाई प्रस्तुत अध्ययन पत्रमा समाजशास्त्रीय पद्धतिका आधारमा अध्ययन गरिएको छ ।

**❋ लेखक लोकसाहित्यको विषयमा अनुसन्धानरत व्यक्तित्व हुन् ।**

**विश्लेषणको सैद्धान्तिक आधार**

लोकसाहित्यका सन्दर्भमा यसका विधा-उपविधाहरूको समाजशास्त्रीय अध्ययन गर्ने पद्धति र सैद्धान्तिक आधार अफसम्म प्रयोगमा आएको देखिँदैन । तसर्थ साहित्यको समाजशास्त्रलाई आधार मानेर लोकसाहित्यमा समाजको अध्ययन गर्नुपर्ने हुन्छ। साहित्यमा समाजको चित्रण कसरी हुन्छ भन्ने कुराको पृष्ठभूमि (प्लेटोको कृति *रिपब्लिक*देखि नै सुरु भएको मान्न सकिन्छ । उनले नागरीय समुदायका सबै पक्षको चित्रण गरेको पाइन्छ । (बराल, २०५१, पृ.४१) रिपब्लिकादेखि सुरु भएको यस परम्परामा अरस्तु, सरथम्स मुर, मेकोबेली, कम्पबेला, विगो, हप्स आदि विद्वान्हरूले साहित्यमा समाजशास्त्रीय चिन्तन गरेको पाइन्छ। फ्रान्सिस बेकेन, जेम्स हेरिक्टन, हब्स आदिका कृतिमा साहित्यका माध्यमबाट समाजको अध्ययन गरिएको छ। भिखो, मन्टेस्क्यु आदिका कृतिले सामाजिक घटना र वस्तुको खोजी गरेका छन्। खासगरी समाजपरक समालोचनाले पनि साहित्यमा समाजको खोजी गरेको पाइन्छ।

अगस्त कोम्तेबाट समाजशास्त्रीय चिन्तन सुरु भएपछि बिस्तारै समाजशास्त्रलाई साहित्यिक अध्ययनको बाटो बनाउँदै लगिएको पाइन्छ। साहित्यको समाजशास्त्रलाई सर्वप्रथम सैद्धान्तिक आधार दिने काम इपाइत अडोल्फ तेनले गरे । उनले साहित्यमा प्रयुक्त प्रजाति, युग र परिवेशलाई बढी जोड दिएर साहित्यिक सिद्धान्तको एउटा सुसङ्गठित रूपरेखा प्रस्तुत गरे । उनको 'कलाको दर्शन' ग्रन्थ साहित्यको समाजशास्त्रसम्बन्धी सैद्धान्तिक प्रस्तावनाको आधारशीला मानिन्छ। प्रत्यक्षवादमा आधारित उनको सिद्धान्तले साहित्यलाई सामाजिक दस्तावेज मानेको छ। समाजशास्त्रमा प्रजाति, क्षण र परिवेश मिलेर मानसिक संरचनाको निर्माण हुन्छ र यसले नै एउटा दृष्टिकोणको निर्माण गर्दछ। (बराल, २०५१, पृ.६५) तेनको घोषणाको करिब सय वर्षपछि मिसेल जेराफ र रेमन्ड विलियम्स मीमांसावादी धाराको प्रतिनिधित्व गर्दै देखा परे। रेमन्डले आफ्नो चिन्तनको प्रमुख मान्यताका रूपमा अनुभूतिको संरचनालाई अघि सारेका छन् (बराल, २०५१, पृ. ६७)। यसैगरी लियो लावेन्थलले समाजशास्त्रलाई बुझ्न मनोविज्ञानको पनि आवश्यकता ठान्दछन्। उनको चिन्तनको केन्द्रमा *संरचनाको समानधर्मिता* रहेको छ। उनले समाज, उत्पादन स्थिति र मानसिकतामा जोड दिँदै प्रवृत्तिको समेत अध्ययन गरेका छन्। अर्का विद्वान् गोल्डम्यानले साहित्यको समाजशास्त्रलाई उत्पत्तिमूलक संरचनावादको रूपमा विकास गरेका छन्।

**लोकसाहित्यको समाजशास्त्रीय अध्ययन पद्धति**

लोकसाहित्यको समाजशास्त्रीय अध्ययन पद्धतिका छुट्टै सिद्धान्त प्रतिपादन नभए पनि निम्न बुँदाहरूका आधारमा समाजशास्त्रीय अध्ययन गर्न सकिन्छ -

**(क) प्रजाति**

लोकसाहित्यमा वर्णित विषय र आख्यान आदिमा वर्णित पात्र/चरित्र आदिको जातीय स्वरूपको चित्रण गरिन्छ। कुन प्रजातीय व्यवस्था वा उपजाति हो भन्ने कुराको निर्क्योल गरिन्छ। साथै मानवीय भए वर्णव्यवस्था (ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र) आदिको पहिचान गरी जातीय स्वरूपलाई चिनाउने काम यसमा गरिन्छ। साथै नर वा नारी के हुन्, त्यसको पनि चर्चा गरिन्छ।

**(ख) क्षण (समय) र समाज**

कुनै खास समयको विन्दुलाई हेर्ने काम यसअन्तर्गत गरिन्छ। समाज कुन समयको हो त्यो समयको पहिचान गर्नुपर्ने हुन्छ। पौराणिक, ऐतिहासिक वा वर्तमान कुन समयको समाज हो भन्ने हेरिन्छ। साथै कार्य वा घटनाको समय जस्तै प्रात, दिउँसो, रात्री वा ऋतुकालीन कुनै समय भए सो पनि उल्लेख गरिन्छ।

**(ग) समाज**

कृतिमा वर्णित समाजको साङ्गठनिक स्वरूप कस्तो छ भनेर यसअन्तर्गत देखाइन्छ। राष्ट्र, समाज, परिवार यसका मुख्य पक्ष हुन्। राष्ट्रअन्तर्गत राजनीतिक, आर्थिक, न्याय आदि व्यवस्था पर्दछन् भने समाजअन्तर्गत वर्गीय, ग्रामीण नगरीय, कृषक, औद्योगिक समाज आदिको अवस्था हेरिन्छ। परिवारअन्तर्गत गोत्र, पितृसतात्मक, मातृसतात्मक, एकल, संयुक्त परिवार, विवाह, नातागोता आदिको पहिचान गरिन्छ।

**(घ) पर्यावरण**

पर्यावरण भन्नाले आन्तरिक र बाह्य अवस्थाको समग्र नाम भन्ने बुझिन्छ। यसअन्तर्गत भौगोलिक पर्यावण, प्राकृतिक पर्यावरण (जलवायुगत), सामाजिक पर्यावरण, सांस्कृतिक पर्यावरण (आन्तरिक पर्यावरण) आदि पर्दछन्।

**(ङ) सामाजिक संस्कृति**

समाजभित्रका सांस्कृतिक पक्षहरूलाई केलाउने काम यसमा गरिन्छ । धर्म, संस्कृति, अभिचार (तन्त्रमन्त्र), रीतिरिवाज, मेलापर्व आदिको पहिचान गरी शास्त्रीय, परम्परागत, लोक/स्थानीय वा आधुनिक कस्तो सांस्कृतिक अवस्था छ त्यसको उल्लेख यसअन्तर्गत अध्येताले गर्नुपर्ने हुन्छ ।

**(च) अनुभूतिको संरचना**

व्यक्तिको मानसपटलमा रहेको अनुभवको सङ्ग्रह नै अनुभूतिको संरचना हो । यसअन्तर्गत समाज र कृतिका बीचको परस्पर सम्बन्धको खोजी हुन्छ । कल्पना, मानवीय अनुभव, रचना अनुभव आदिलाई सङ्गठित रूपाकार दिने शक्ति अनुभूतिको संरचना हो । यसमा लोक अनुभव, व्यक्ति अनुभव, आलोचकीय अनुभव, एवम् थप अनुभव र अपुग अनुभूतिगत विषयहरूको चर्चा गरिन्छ ।

**(छ) विश्वदृष्टि**

विश्वदृष्टिअन्तर्गत मुख्य दुई पक्षलाई केलाइन्छ- रचनाकारको विश्वदृष्टि र सन्देश अनि आलोचकको विश्वदृष्टि र सन्देश/विश्वदृष्टि भन्नाले पाठको जीवनदृष्टि वा मूल सार भन्ने बुझिन्छ ।

**(ज) कार्य-कारण सम्बन्धको तालमेल**

कुनै पनि कार्यका पछि कारण हुन्छ । कृतिमा घटित घटनाको कार्य-कारण सम्बन्धको तालमेल के कस्तो छ त्यसको पहिचान यसमा गरिन्छ । साथै कृतिमा विषयको कार्य-कारण सम्बन्धको तालमेल र वैचारिक उद्घाटनको सम्बन्धको तालमेल पनि हेरिन्छ ।

**(झ) भाषा**

कृतिमा प्रयुक्त भाषिक पक्षहरूलाई यसअन्तर्गत हेरिन्छ । लोकभाषा, मानक भाषा, मिश्रित भाषा, सरल भाषा वा क्लिष्ट भाषा कस्तो किसिमको प्रयोग भएको छ त्यसलाई यसमा हेरिन्छ ।

**(ञ) सारतत्त्व**

सारतत्त्व भन्नाले कथनको आशय भन्ने बुझिन्छ । कृतिभित्रको मूल आशय कस्तो किसिमको छ, सार तत्त्व वा मूल कुरा के हो भन्ने कुराको पहिचान यसअन्तर्गत गरिन्छ ।

**समाजशास्त्रीय पद्धतिका आधारमा 'डाँफे र मुरली' लोकगाथाको अध्ययन**

**प्रजाति**

जीवविज्ञानका दृष्टिले मानिस एउटा जाति हो र मानिसका विभिन्न समूह प्रजाति हुन् । चराचुरुङ्गी पनि एक जाति हो भने चराचुरुङ्गीका समूह वा वर्ग प्रजाति हुन् । प्रस्तुत गाथमा चराचुरुङ्गीलाई मानवीकरण गरिएको छ । चराचुरुङ्गी मध्येमा डाँफे हिमाली चरा मानिन्छ । डाँफेलाई अत्यन्तै सुन्दर प्रजातिको चराका रूपमा लिइन्छ । डाँफेमा नौओटा रङ हुन्छन् र यी रङहरू मिश्रित रूपमा छिर्बिर पाराका हुन्छन् । गाथाभित्रको नायक पात्र डाँफेलाई सिरमा सिँधुर छरेजस्तो, कानमा कुण्डलु लाएको, आँखामा गाजलु लाएको, ठोडमा पानविरा च्यापेको, छातीमा पुवालो झारेको, पखेटामा पट्टालु फिँजाएको, ढाडमा सुवर्ण झल्केको, पुच्छरतिर तामा जस्तो, खुट्टातिर फलामजस्तो र नङ्ग्रातिर सिसाजस्तो भनेर डाँफेको शारीरिक विशेषता बताइनु र हिमाली भेगमा उसको जन्म हुनुबाट नेपालमा मात्र पाइने एक मात्र एक सुन्दर प्रजातिको चराका रूपमा डाँफेलाई लिइएको पाइन्छ । डाँफेलाई जन्म दिने लालबन्ना चरी पनि हिमाली प्रजातिकी चरी भएको कुरा स्पष्ट हुन्छ । मुरली चरी तराई भेगमा पाइने पहेँला कुर्कुच्चा हुने केही ठूलो आकार भएकी चरी हो  यसैगरी झिँझे बूढो तराईको जमिनदार मानिस जातको मानवीय पात्र हो । बूढी झिँझेकी स्वास्नी हो । ऊ दयालु भए पनि झिँझेलाई साथ दिने मानवीय पात्र हो । यस गाथामा आएका अन्य पात्रहरू तुछी बूढी लालबन्ना चरीकी सासू हिमाली प्रजातिकै चरी हो भने जैसी वर्मन मानव जातिका ज्योतिषी हुन् । थकाल्नी, नेवार्नी र दाउरेनीहरू मानिसकै प्रजातिहरू हुन् । यसले नेपालको जातीय विविधतालाई देखाएको छ । पुन्नारान साहू मानिस जातकै व्यापारी हो । यसप्रकार प्रस्तुत गाथामा वर्णित पात्रहरूको जातीय र प्रजातीय पहिचान गर्न सकिन्छ । डाँफे, झिँझे बूढो, जैसी वर्मन, पुन्नारान पुरुष पात्र वा नर हुन् भने तुछी बूढी, मुरली, थकाल्नी, नेवार्नी, दाउरेनी तथा झिँझेकी बूढी नारी प्रजातिका पात्र हुन् ।

प्रस्तुत गाथालाई गाउने गायक गन्धर्व प्रजातिका मानिसहरू हुन् । गन्धर्व गीतसङ्गीतमार्फत् गीत, गाथा गाएर हिँड्ने भनी चिनिएका नेपाली मानिसको एक प्रजाति हो ।

**क्षण (समय) र समाज**

कृतिमा घटित घटनामा समयको अवस्था कस्तो छ भन्ने कुरा हेर्नु पर्दछ। प्रत्येक युगका मानिसमा केही परिकल्पना र अवधारणाहरू हुन्छन् । यस्ता अवधारणाहरू युगसापेक्ष हुन्छन् । लोकसाहित्य लोकको, मौखिक परम्परामा आधारित हुने हुँदा यसमा क्षण र समाजको विशेष स्थान रहेको हुन्छ। 'डाँफे र मुरली' लोकगाथामा घटित भएका घटनाक्रमहरू छ महिनादेखि वर्ष दिनको समयावधिमा भएका देखिन्छन्। लालबन्ना चरीले सुत्केरी हुने समय बर्खा भर्खरै सकिएको अवस्था हो। लालबन्नाकी सासूले निर्दयी भएर बुहारीलाई गाली गरेबाट तत्कालीन समयमा सासूद्वारा बुहारीहरू पीडित हुने समाजको परिपाटिलाई बुझ्न सकिन्छ। यस गाथाको समाज समकालीन समाज हो। बेटौली बजार त्यहाँको झिलिमिलि र त्यहाँ साहू-महाजनको चित्रण पनि यस गाथामा गरिएबाट यो पुष्टि हुन्छ। डाँफे चराले मुरलीलाई खोज्न हिँड्दा सातै बारको साइत हेरेर आइतवारको समयलाई जुराएको देखिन्छ। गाथामा हिउँद, बर्खाको चर्चा गरिए पनि कोदो पाक्ने समय कार्तिकतिर डाँफे झिँझे बूढाको जालमा फसेको हो भन्ने बुझ्न सकिन्छ। डाँफेले ज्योतिषीलाई साइत हेर्न लगाएको र भैरव देवीको दर्शन गरेको, भाकल गरेको आदिबाट उक्त समाज परम्परागत धार्मिक समाज भएको स्पष्ट हुन्छ।

सोमवारले के भन्यो डाँफैलाई - बिग्री पो जालास् नि . . .
मंगलवारले के भन्यो डाँफैलाई - मागी खा भने छ नि . . .
बुधवारले के भन्यो डाँफैलाई - बुद्धि पो हराउला नि . . .
बिहिवारले के भन्यो डाँफैलाई - सात शङ्कर लाग्ला नि . . .
शुक्रवारले के भन्यो डाँफैलाई - ठाडै पो सुक्लास् नि . . .
शनिवारले के भन्यो डाँफैलाई - संसरले छोला नि . . .
आइतवारले के भन्यो डाँफैलाई - आइज जाऊँजाऊँ सुटुक्कै लैजाउँला नि. . .

उपर्युक्त उदाहरणले सातै वारको समय उल्लेख गरिनुका साथै ज्योतिषीय विश्वास पनि व्यक्त गरेको छ। साथै राति बिहान हुने खेरको समयमा मुरलीले सिन्दुर बहेको सपना देखेकी छ। समग्रमा यस गाथाभित्र मानवेत्तर पात्रका माध्यमबाट पनि परम्परागत समाज र विभिन्न समयमा घटित घटनाको वर्णन पाइन्छ।

**समाज**

'डाँफे र मुरली' लोकगाथामा नेपाली समाजको यथार्थको चित्रण पाइन्छ। यस गाथाको समाज ग्रामीण समाज नै हो। डाँफेको परिवार हिमालमा बस्ने भएकाले हिमसंस्कृति उसमा देखिन्छ। हिमालमा पाइने कुराहरूको वर्णन ऊ यसरी गर्छ -

हाम्रा देशको खानु र पिउनु मुरली चरी ! काफलु खाउँला गुहेंली खाउँला, चुत्रोमा खाउँला ऐंसेलु खाउँला, पहराभित्रको त्यो चिसो पानी
...
हिमालका आँठा र काँठा, हुरुरु वेगै र हान्दा देही हुन्छ शीतल नि

झिँझे बूढाले कोदो खेती गरेबाट कृषक समाज र पुन्नारान साहूको व्यापार देखाइएबाट आर्थिक व्यवस्थाको पनि झलक पाइन्छ। धार्मिक विश्वास बोकेको समाज यसमा देखाइएको भए पनि न्यायपूर्ण समाज भने पाइँदैन। डाँफे मुरली चरीकै गाउँमा बस्नुबाट मातृसत्तात्मक समाज हो भन्ने विश्वास गर्न सकिन्छ। परिवारअन्तर्गत हिमालमा बस्ने डाँफेको परिवारमा डाँफेकी हजुरआमादेखि डाँफेसम्म सँगै रहेकाले संयुक्त परिवार देखिन्छ। भिँझेको परिवार र मुरलीको परिवारचाहिँ एकल देखिन्छ। डाँफेका आमा, हजुरआमा र बाबु छन् भने भिँझेको लोग्ने-स्वास्नी मात्र छन्। मुरलीका पनि बाबुआमा छन्। मानवेत्तर पात्रको समाज भए पनि मानवीय समाजको प्रस्तुति यसमा पाइन्छ।

**पर्यावरण**

भौगोलिक जलवायुगत परिवेश वा प्राकृतिक परिवेश र सामाजिक-साँस्कृतिक परिवेशको समष्टि रूप पर्यावरण हो। प्रत्येक सजमा वा लोकसमाजका निवासीहरूमा पर्यावरणले प्रभाव पारेको हुन्छ। यस गाथाभित्रको सन्दर्भलाई हेर्दा प्राकृतिक र जलवायुगत पर्यावरणको प्रशस्त चित्रण गरिएको पाइन्छ। सामर गाउँ, थाक गाउँ, नुवाकोट, बटौली (हालको बुटवल) माथिको सनिसरे डाँडा, मधेशको खोरिया आदिको वर्णन यसमा पाइन्छ। हिमालो चोसो हावापानी र तराईको गर्मीको मिश्रित पर्यावरण यस गाथामा रहेको छ। धारा, पँधेरो, वनजङ्गल, डाँडाकाँडा, देवीथान, जङ्गली फलफूल आदिको वर्णन पनि यसमा पाइन्छ।

- त्यो चिसो पानी खाइ र कन मधेशको कोकिल फाँटमा
  बेगैमा हान्दा देही हुन्छ शीतलु नि ................
- क-क्वाँककक्वाँक, क-क्वाँककक्वाँक गरिकन डाँडैडाँडा हिँड्छ
  नौरङ्गी डाँफे तन्नेरी भएछ नि ...............।
- हिमालका आँठा र काँठा, कहिले बाङ्गा र टिङ्गा, कहिले सोभ्रा.....

उपर्युक्त उदाहरणहरूले भौगोलिक पर्यावरणको भल्को दिन्छन् । मुरलीले डाँफेलाई स्वागत गर्नका लागि गुन्द्री बिच्छ्याई गुडगुडे हुक्का र डम्बरसाइ तमाखु टक्रयाएबाट पाहुनालाई स्वागत गर्ने सांस्कृतिक परिपाटि पनि देखिन्छ । जल अर्चेर अफसानी समेत हाली डाँफेले खाना खाएको प्रसङ्गले साँस्कृतिक परिवेशको भल्को दिएका छन् ।

**सामाजिक संस्कृति**

डाँफे र मुरली गाथामा नेपाली संस्कृतिका विविध पक्षहरू समेटिएका छन् । धर्म, संस्कार, अभिचार, रीतिरिवाज आदिको प्रशस्त वर्णन यहाँ पाइन्छ । डाँफेले हिँड्ने साइतमा पाँचओटी कन्यालाई बोलाई चारचार पैसा दक्षिणा गरेको छ, नुवाकोटमा भाकल गरेको छ, देवीको दर्शन गरेको छ । यसमा धर्म र संस्कार स्पष्ट देख्न सकिन्छ । आइतबार बाहेक अन्य बार हिँड्दा अपशकुन हुनुमा अभिचारका कुराहरू आएका छन् । टुनामुना र मोहनीका सन्दर्भहरू पनि यहाँ वर्णित छन् ।

सामरकी त्यो नेवार्नीलाई कहिले हँसाउँछ, कहिले रुवाउँछ
कहिल बोलाउँछ, मोहनी लायो नि कठै !
नीर चरी हो मेरो डाँफै ! मोहनी लाएछ नि ।

यसैगरी पँधेरा जाने, दाउरा काट्न जाने, तमाखु खाने, खोरिया फाँड्ने, मादल बजाई सोरठी गाउने आदि ग्रामीण क्षेत्रका सामाजिक सांस्कृतिक भलकहरू प्रस्तुत गाथामा विषय बनेर आएका छन् ।

**अनुभूतिको संरचना**

संस्कृति बोधका निम्ति कला र साहित्यलाई आधार बनाउने सिद्धान्त अनुभूतिको संरचना हो । यसलाई प्राप्त गर्नका लागि कलाकृतिलाई समग्रमा बोध गर्नुपर्छ । यसअन्तर्गत समाज र कृतिका बीचको परस्पर सम्बन्धको खोजी गर्नुका साथै लोकअनुभवलाई व्यक्त गरिएको छ वा छैन त्यो पनि हेरिन्छ । डाँफे र मुरली अति प्राकृतिक पाराको गाथा भए पनि लोकले भोगेका अनुभवहरूलाई प्रकट गरिएको गाथा हो ।

आफन्तले भनेका हितकर कुराहरू नमानी लोभ गरी हिँड्दा त्यसको परिणाम राम्रो हुँदैन भन्ने भाव रहेको गाथामा लोकले के गर्दा के हुन्छ, के गरे ठीक हुन्छ, के गर्दा ठीक हुँदैन भन्ने जस्ता कुराहरू धर्म र परम्पराका आधारमा यस गाथामा अनुभूति गरी व्यक्त गरेको छ । मुरलीले कोदो खान नजाऊ भन्दा डाँफे जाने जिद्धि गर्छ । मुरली डाँफेलाई यसो भन्छे :

दुई दिनका भोकैले डाँफे र चरी ! मोरी पो जावैन नि . . .
आज रातिको यो सपनीमा सिँधुरै बहेको नि
...
आज रातिको सपनीमा कान्छा है भिना, चुरा है फुटेको

प्रस्तुत गाथामा अतिकल्पनाको प्रयोग भए पनि ती सबै मानवीय अनुभवमा आधारित छन् । आफ्नी गाउँकी चेलीलाई हर्न खोज्नेप्रति गाउँलेको रिस, मधेसमा औलो आदिजस्ता रोगको अनुभव, सपनीमा विश्वास आदि सबै लोकअनुभूतिहरू हुन् । यस गाथामा जे-जति मानवेत्तर पात्रका अनुभूतिहरू छन् ती मानवीय समाजका अनुभूतिहरू हुन् । यथार्थमा जे भए पनि यस गाथाले प्रारम्भमा संयोगात्मक एवम् शृङ्गारिकता र अन्त्यमा दुःखद् भावको अनुभूति गराउँछ ।

**विश्वदृष्टि**

विश्वदृष्टि सामाजिक वर्गका जीवनमा केन्द्रित हुन्छ । रचनाकारको सन्देश के रहेको छ र त्यसलाई समाजले कस्तो प्रकारले स्वीकारेको छ भन्ने कुरा कृतिमा हेर्न सकिन्छ । 'डाँफे र मुरली' लोकगाथामा मूलतः लोक मनोरञ्जनलाई आधार बनाइएको छ । अति प्राकृतिक पात्रका रूपमा पक्षीको उपस्थिति र तिनका मानवीय

क्रियाकलाप रोमाञ्चक छन् । यस गाथाले हिमाल र मधेशमा विवाह गरेर एकता ल्याउने सन्देश दिएको छ । रचनाकारको अभीष्ट पनि यही देखिन्छ। आफन्तले भनेको मान्नुपर्छ र लोभ गर्नु हुँदैन भन्ने विश्वदृष्टि यस गाथाले बोकेको छ। पक्षीमा पनि प्रेमजस्तो मानवीय भाव रहेको र झिँझे बूढोजस्तो पात्रका माध्यमद्वारा क्रुर र पाशविक भावना भएको मानिसभन्दा पशुपक्षी नै विकाररहीत जीवन व्यतित गर्दै छन् भन्ने सन्देश यहाँ दिइएको छ।

सपनामा देखेको कहिले पो पाइन्थ्यो, हे मेरा बाबु म बिहा गर्दिन्छु नि...

डाँफेकी आमाको उक्त भनाइप्रति असहमत भई डाँफे हिँडेपछि प्रस्तुत गाथा दुखान्त बन्न पुगेको छ। यद्यपि यस गाथाले शृङ्गारिक भावनालाई बढावा दिएको पाइन्छ । अनावश्यक जिद्धिले दुर्भाग्य निम्त्याउँछ भन्ने सन्देश/विश्वदृष्टि प्रस्तुत गाथामा पाइन्छ।

**कार्य-कारण सम्बन्धको तालमेल**

लोकसाहित्यिक कृतिमा जुन कार्य घटित हुन्छ त्यसको कुनै न कुनै कारण अवश्य हुन्छ। घटनावलीहरूको अध्ययन गर्दा तिनका कारणसँगको तालमेल हेरिन्छ। 'डाँफे र मुरली' लोकगाथामा कतिपय हाँस्यास्पद, कतिपय रोमाञ्चक र कतिपय कारुणिक विषयहरू रहेका छन् । उमेरको वृद्धि सँगसँगै डाँफेमा प्रेम गर्ने भावना पलाएको कारणले गर्दा उसले कल्पनाकी मुरली चरीलाई सपनामा देखेको हो।

मधेस बस्ने मुरली चरी लेकमा बस्ने डाँफे र चरो<br>
सपनी जोगमा भेटाभेट भएछ नि ........<br>
सुतेको थियो डाँफे र चरो, निदरादेखि बिउँझेको डाँफै<br>
हातैमा अगुल्टो लिइरकन कहिले पो भित्र, कहिले पो बाहिर<br>
कहिले पो चुलामा, कैले पो तलामा दलानमा खलानमा<br>
खोज्न पो लाग्यो नि कठै !

मुरलीलाई प्राप्त गर्ने चाहना बोकेर नै डाँफे मधेस झरेको हो। झिँझे बूढाले आफ्नी गाउँकी चेलीलाई फसाउन डाँफेलाई जालमा पार्ने विचार राख्नु उसको रिसको कारणले हो। यसप्रकार प्रस्तुत गाथामा कार्य-कारणका श्रृङ्खलाहरू बुनिएका छन् ।

एक माना चामल, चारौटा पैसा, धमकी पाइलो<br>
पूव दिशाका जैसी बर्म ! साइत भलो देउ<br>
पश्चिम दिशाका दख्खिन दिशाका, उत्तर दिशाका, पुरवै दिशाका<br>
जैसी र बर्म ! लगन भलो देऊ, मुरली चरीका देशमा जाने<br>
साइत बताइदेऊ !

उपुर्यक्त भनाइ डाँफेले मुरलीलाई भेट्न नसकिएला कि भनी शुभ साइतका लागि ज्योतिष ब्राह्मणसँग भनेको हो। यसप्रकार 'डाँफे र मुरली' लोकगाथामा कार्य र कारणहरू अन्योन्याश्रित भई आएका देखिन्छन्।

**भाषा**

'डाँफे र मुरली' लोकगाथामा मानक नेपाली भाषाको प्रयोग गरिएको छैन। यसमा नेपाली भाषाको पूर्वेली भाषिका अन्तर्गतको पर्वती उपभाषिकाको प्रयोग गरिएको छ। उदाहरणका लागि केही नमुना हेर्न सकिन्छ -

तन-त्यही, झाम्टा-झ्याम्टा, बसिचौ-बसिछौ, गाम-गाउँ<br>
कोई-कोही, इडार-इनार, लैदिउँला-लागिदिउँला आदि।

अनुकरणात्मक शब्दहरू जुरुक्क, थपक्कै, चियाँचियाँ, सरक्क, कटक्क, खत्र्याकखुत्रुक, चुटुचुटु, ताघिन्ताऊ आदिजस्ता प्रशस्त मात्रामा प्रयोग भएका छन्। दुइय, निदरा, निमेक, गिजारे, ऐभाँती आदिजस्ता विशिष्ट शब्दहरू पनि प्रयोग भएका छन्। केही आगन्तुक शब्दहरू र उकारान्त बनाइएका जस्तै काफलु, गाजलु, एकु आदि प्रयोग भएका छन् । यस गाथामा शैली वर्णनात्मक छ। केही अलङ्कारहरू स्वाभाविक ढङ्गमा आएका छन् । (कोदाको ढिँडोजस्ती, कुच्चिएकी डाडुजस्ती) यस गाथामा लोकछन्द र लोकलय पाइन्छ। थेगोको आवृत्तिमूलक प्रयोग, वाक्यात्मक समानान्तरता तथा प्रवाहमय भाषाको प्रयोग भेटिन्छ।

**सारतत्त्व**

सारतत्त्व भन्नाले कथनको आशय भन्ने बुझिन्छ। (शर्मा र लुइटेल, २०६३,पृ. १९७) कुनै पनि स्थान विशेषमा रहने जाति-प्रजातिको रहनसहन आदिको सहज अभिव्यक्ति त्यस ठाउँका बासिन्दाहरूले गरेका सिर्जनामा

प्रतिबिम्बित हुन्छन् । 'डाँफे र मुरली' लोकगाथामा पनि विशेष गरी गण्डकी अञ्चल त्यसमा पनि हिमाली क्षेत्र र तराईका केही रहनसहनहरू वर्णित छन् । प्रस्तुत गाथाको मूल आशय मानवेत्तर पक्षीलाई मानवीकरण गरी मानवीय जीवनका विविध पक्षलाई देखाउनु रहेको देखिन्छ । पात्र पक्षीलाई बनाइए पनि यस गाथाले मानवीय प्रेम, त्रास र करुणालाई बोकेको छ । लोभका कारण पासोमा परी ज्यान गुमाउन पुगेको डाँफेका माध्यमबाट गाथालाई त्रासद तुल्याएको छ । अनावश्यक जिद्धिले दुर्भाग्य निम्त्याउँछ भन्ने सार कुरा यसमा निहित छ । साथै मानवीय क्रुरताप्रति व्यङ्ग्य पनि गरिएको छ । प्रस्तुत गाथाको सारतत्त्व सन्देशमूलक देखिन्छ ।

**निष्कर्ष**

'डाँफे र मुरली' लोकगाथाको मुख्य विषयवस्तु मानवेत्तर प्राणीका रूपमा डाँफे र मुरली जस्ता पक्षीलाई पात्र बनाई अघि बढेको छ । ती पक्षीलाई मानिसका रूपमा मानवीकरण गरी तिनको सामाजिकीकरण पनि गरिएको छ । तसर्थ प्रस्तुत गाथा समाजशास्त्रीय विश्लेषणका लागि उपयोगी भएको छ । यसमा चराले पनि मान्छेकोजस्तै सामाजिक व्यवहार गर्ने र मान्छेले पनि चरासँग वार्तालाप र अन्तरक्रिया गर्ने अनौठो कार्य गरेका छन् । यस गाथाको पृष्ठभूमि नेपाली समाजअनुकूल रहेको छ । रितस्थिति, धर्म, विश्वास, खानपान, परिवेश, चालचलन आदि पूर्ण रूपमा मानवीय छन्; मानव समाजसँग सम्बन्धित छन् ।

साहित्यको समाजशास्त्रलाई आधार मानि 'डाँफे र मुरली' लोकगाथालाई समाजशास्त्रीय अध्ययन गर्न सकिन्छ मूलतः यो अध्ययन अन्तर्विषयक भए पनि गाथाभित्रका प्रायः सबै पक्षहरू यसमा आएका छन् । अतिकल्पनाका माध्यमबाट सामाजिक सत्यको उद्घाटन गर्नु प्रस्तुत गाथाको मुख्य आशय हो ।

**सन्दर्भ सामग्रीसूची**

अधिकारी, रेशमराज (२०५८), नेपाली समाज र संस्कृत, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।
जोशी, सत्यमोहन (२०६०), सांस्कृतिक नीति : एक अध्ययन, ललितपुर : लोकसाहित्य परिषद् ।
थापा, धर्मराज र सुवेदी हंसपुरे (२०४१), नेपाली लोकसाहित्यको विवेचना, काठमाडौँ : त्रि.वि.,पाठ्यक्रम विकास केन्द्र, ।
पराजुली, मोतीलाल (२०६३), सोरठी नृत्य वाटिका, काठमाडौँ : दीक्षान्त पुस्तक प्रकाशन ।
पराजुली, मोतीलाल (२०४९), नेपाली लोकगाथा, कास्की : श्रीमती तारादेवी पराजुली ।
बन्धु, चूडामणि (२०५८), नेपाली लोकसाहित्य, काठमाडौँ : एकता प्रकाशन, ।
बराल, ऋषिराज, (२०५६), उपन्यासको सौन्दर्यशास्त्र, ललितपुर : साझा प्रकाशन ।
शर्मा, जनकलाल (२०३९), हाम्रो समाज एक अध्ययन, काठमाडौं : साझा प्रकाशन ।
शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६३), लोकवार्ताविज्ञान र लोकसाहित्य, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।